# रुकुम जिल्ला अदालतबाट जारी भएको

## लिलाम बढाबढको सूचना ।।।

वादी दाङ जिल्ला तुल्सीपुर उप-महानगरपालिका वडा नं. -०५ वस्ने निर्मला श्रेष्ठ प्रतिवादी रुकुम पश्चिम जिल्ला बाँफिकोट गाउँपालिका वडा नं-२ वस्ने भद्रबहादुर मल्ल भन्ने असोक मल्ल भएको लेनदेन मुद्दामा रुकुम जिल्ला अदालतको मिति २०७५/०९/२५ गतेको फैसला बमोजिम वादीले प्रतिवादीबाट भरिपाउने बिगो सावाँ रु ८,३५,०००।(आठलाख पैतिस हजार रुपैया) सो को ब्याज र कोर्ट फि समेत प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरी पाउने बिगो तपसिल बमोजिमको सम्पत्तिबाट भराइ पाउँ भनी वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पति मिति २०७८/०९/२२ गतेको दिन दिनको १० बजे देखि ४ बजे सम्म दोश्रो पटक डाँक लिलाम हुने भएकोले डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित्त यो सुचना प्रकाशित गरिएको ब्यहोरा सुचित गरीन्छ।

### तपसिल

१. यस अदालतको तहसिल शाखामा मिति २०७८/०९/२२ गते दिनको १० बजे देखि दिनको ४ बजे सम्म दोश्रो पटक डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिन्छ।।

२. डाँक लिलाम तोकिएको दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट डाँक लिलाम हुनेछ।

३. कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढावढ गर्नु पर्नेछ।

४. डाँक लिलाम बखत बोलकबोल गरेको अंकको १० प्रतिसत हुन आउने रकम सोहि दिन दाखिला गर्नु पर्ने छ।बाकि बोल कबोल रकम डाँक लिलाम भएका मिति बाट ७ दिन भित्र दाखिला गर्नु पर्ने छ।त्यसरी ७ दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सुचना प्रकाशित गरीनेछ।

५. डाँक लिलाम वढावढ हुदा सवैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईन्छ।

६. डाक लिलाम सम्वन्धमा वुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

७. <u>डाँक लिलाम हुने जेथाको विवरण</u>

| सि.नं | जग्गा धनिको नामथर ठेगाना | जेथा रहेको स्थान | कि.नं. | क्षेत्रफल | डाँक वोल्नु पर्ने न्युनतम मुल्य रु. |
|---|---|---|---|---|---|
| १ | असोक मल्ल | साविक पिपल गा.बि.स. वडा नं. १ | १११५ सो कित्तामा बनेको घरसमेत | ०,०५६० व.मी. | १६,८०,०००।- घरसमेत |
| | | | | जम्मा रु. | १६,८०,०००।- |

ईति संवत २०७८ साल पौष महिनाको ०५ गते रोज २ शुभम.................।

# रुकुम जिल्ला अदालत

मुसिकोट, रुकुम पश्चिम

तहसिल शाखा

प.सं.- ०७८/०७९

च.नं.- ६१५

मिति:२०७८/०९/०५

विषयः- सूचना टाँस गरी सो को जानकारी पठाईदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
रुकुम पश्चिम।

श्री मुसिकोट नगर कार्यपालिकाको कार्यालय,
रुकुम पश्चिम।

श्री बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय,
रुकुम पश्चिम।

श्री मालपोत कार्यालय, मुसिकोट
रुकुम पश्चिम।

श्री नापी कार्यालय,
रुकुम पश्चिम।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुम पश्चिम ।

उपरोक्त सम्बन्धमा वादी निर्मला श्रेष्ठ प्रतिवादी भद्र बहादुर मल्ल भएको लेनदेनको बिगो भराई पाँउ भन्ने मुद्दामा यस अदालतबाट जारी भएको मिति २०७८/०९/२२ गते हुने दोश्रो पटकको लिलामी सूचना यसै पत्रसाथ पठाईएको छ तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस अदालतमा पठाईदिन हुन अनुरोध छ।

2078.09.05

तहसिलदार

तहसिलदार